# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लोमन्थाङ गाउँपालिका, लोमन्थाङ, मुस्ताङ्ग

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय
काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश ... महा-निर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
लोमन्थाङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
लोमन्थाङ, मुस्ताङ ।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते — महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्याः २०७८।७९
च.नः  १७९

मितिः २०७८।५।४

श्री अध्यक्षज्यू,
लोमन्थाङ गाउँपालिका,
लोमन्थाङ, मुस्ताङ्ग ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले लोमन्थाङ गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.७५ लाख बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.७ लाख ३४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६४ लाख ०२ हजार र नियमित गर्नुपर्ने रु.३ लाख ६४ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।१।३१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फर्स्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १९ (उन्नाइस ) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

## लोमन्थाङ गाउँपालिका, लोमन्थाङ, मुस्ताङ्ग
## लेखापरीक्षण प्रतिवेदन
## २०७६/७७

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २३ सभा सदस्य, ७२७ वर्ग किलोमिटर क्षेत्रफल तथा १ हजार ९९५ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७६।०७७ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | | रकम | | | रकम |
| १ | **गतवर्षको जिम्मेवारी** | | १ | नेपाल सरकार र प्रदेश सरकार समानीकरण | |
| | क. नगद | ० | | क. कृषि समानीकरण | ४०५१५०.०० |
| | ख. पेश्की | ० | | ख. पशु समानीकरण | ६४४६९६.०० |
| | ग. वैंक मौज्दात | २५८३४५०२.८५ | | ग. मासिक चालु | १९२५२९७८.०० |
| | घ. धरौटी रु. | ५१०७५६.०० | | घ. पूंजीगत समानीकरण | २७०४९२८३.०० |
| २ | **यस वर्षको राजश्व (आन्तरिक आय)** | | २ | **संघीय सरकार सशर्त** | |
| | क. आन्तरिक राजश्व | ९१३१३८.४९ | | क. आयुर्वेद | १०५२४४५.०० |
| | ख. संघिय राजश्व वांडफाड | २३५२८६८२.७३ | | ख. शिक्षा | २९२०३८७८.०० |
| | ग. प्रदेश राजश्व वांडफांड | ९७१०००.०० | | ग. स्वास्थ्य | ५२७७५२९.१० |
| | ग. रोयल्टी (संघ) | ४९९८८७.०० | | घ. कृषि/पशु सशर्त | ८६६८६०.०० |
| ३ | **वित्तिय हस्तान्तरण** | | ३ | पूंजीगत सशर्त | ९५००००००.०० |
| | क. वित्तिय समानीकरण अनुदान | ६६३०००००.०० | ४ | धरौटी | ० |
| | ख. सशर्त अनुदान | ६८६९६३३३.०० | ५ | प्रकोप व्यवस्थापन कोष | ७९१५०० |
| | ग. स्थानिय विकास पूर्वाधार | १०७००००००.०० | ६ | राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग चालु | ५६५५६१.०० |
| ४ | **प्रदेश सरकारवाट प्राप्त** | | ७ | राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग पूंजीगत | २०६०००.०० |
| | क. वित्तिय समानीकरण अनुदान | ११९२००००.०० | ८ | सामाजिक सुरक्षा खर्च | ७६६८०००.०० |
| | ख. सशर्त अनुदान | २५००००००.०० | ९ | स्थानीय विकास पूर्वाधार साझेदारी कार्यक्रम खर्च | ४०८५३५८.६७ |
| | ग. समपूरक अनुदान | २५००००००.०० | १० | स्थानीय विकास पूर्वाधार साझेदारी कार्यक्रम वाट प्रकोप कोषमा ट्रान्सफर | ६५००००००.०० |
| | घ. मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | ५०००००.०० | ११ | मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | ५०००००.०० |
| | ङ. शिक्षा विकास निर्देशनालय | १००००००.०० | १२ | शिक्षा विकास निर्देशनालय | १००००००.०० |
| ५ | राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग चालु | ५६५५६०.०० | १३ | **स्रेस्ता अनुसार मौज्दात** | |
| ६ | राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग पूंजीगत | २०६०००.०० | | क. संचित कोष खाता | ७७०८२९२७.०५ |
| ७ | सामाजिक सुरक्षा | ७६६८०००.०० | | ख. चालु खर्च खाता | २४७१९८४५.४५ |
| ८ | धरौटी | २४०००.०० | | ग. पूंजीगत खर्च खाता | ८६९२५९२.८० |
| ९ | प्रकोप व्यवस्थापन कोष | ७६६६८४७.९७ | | घ. धरौटी खाता प्रभु वैंक | २४०००.०० |
| | | | | ङ. धरौटी खाता नेपाल वैंक | ५१०७५६.०० |

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | | रकम | | | रकम |
| | | | | च. प्रकोप व्यवस्थापन कोष खाता | ६८७५३४७.९७ |
| | | | | छ. पूंजीगत खर्च खाता नेपाल वैंक | ३००००.०० |
| | जम्मा: | २३२५०४७०८.०४ | | जम्मा | २३२५०४७०८.०४ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **लेखापरीक्षणको क्रममा रु.२८ हजार असुली भएको छ ।** | |
| १. | **वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधीलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br>स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । | |
| | ▪ गाउँपालिकाले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट गाउँपालिकाको आषाढ मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा रु.४९०४९१३.३५ ले फरक देखिएको छ ।<br>▪ लेखापरीक्षणका क्रममा प्रमाणित बैंक नगदी किताब र पेश्की खाता अद्यावधिक नरहेको कारण गाउँपालिकाले पेश गरेको आय–व्यय विवरण यथार्थ छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन ।<br>▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>▪ स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर गाउँपालिकाको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु.२५८३४५०१.९० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२६३४५२५८.८५ जिम्मेवारी सारेको देखियो। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.५१०७५६.९५ बढी जिम्मेवारी सरेको सम्बन्धमा कार्यालयले वित्तिय विवरणमा खुलासा गरेको पाइएन । | |
| ३. | **बैक हिसाब मिलान नगरेकोः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा गाँउपालिकाले सञ्चालन गरेको देहाय | |

<table>
<tr><th>दफा</th><th>भौ.नं.मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण आर्थिक वर्षको अन्त्यमा निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>संचित कोष खाता</td><td>७७०८२९२७.०५</td><td>७२५५७५५७.९७</td><td>४५२५३६९.०८</td></tr>
<tr><td>२</td><td>चालु खर्च खाता</td><td>२४७१९८४५.४५</td><td>३२५७७००५.५५</td><td>-७८५७१६०.१०</td></tr>
<tr><td>३</td><td>पूंजीगत खर्च खाता</td><td>८६९२५९२.८०</td><td>१०२९०३००.५३</td><td>-१५९७७०७.७३</td></tr>
<tr><td>४</td><td>धरौटी खाता प्रभु वैंक</td><td>२४०००.००</td><td>२४०००.००</td><td>०</td></tr>
<tr><td>५</td><td>धरौटी खाता नेपाल वैंक</td><td>५१०७५६.००</td><td>५१०७५६.००</td><td>०</td></tr>
<tr><td>६</td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>६८७५३४७.९७</td><td>६८५०७६२.९७</td><td>२४५८५.००</td></tr>
<tr><td>७</td><td>पूंजीगत खर्च खाता ने.वैंलि</td><td>३००००.००</td><td>३००००.००</td><td>४९०४९१३.७५</td></tr>
</table></td><td></td></tr>
<tr><td>४.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।</td><td></td></tr>
<tr><td></td><td>
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन।</li>
<li>गाउँपालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।</li>
<li>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् संघिय संचित कोषमा २०७७।९।२९ मा रु.२७१२३१७१.०० र प्रदेश संचित कोषमा २०७७।९।२९ मा रु.५०००००.०० जम्मा गरेको पाइयो । प्रचलित नियमावली अनुसार समयमै संचित कोष दाखिला गर्नुपर्दछ ।</li>
<li>गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।</li>
<li>कार्यालयको श्रेष्ता र वैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।</li>
<li>राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।</li>
<li>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।</li>
<li>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।</li>
</ul></td><td></td></tr>
</table>

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ▪ स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने योजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन ।<br>▪ दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>▪ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा गाउँपालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>▪ गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>▪ वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>▪ जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>▪ मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क अनुसार गाँउपालिकाले ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन। साथै ETDS गरेको छैन ।<br>▪ कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>▪ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>▪ गाँउपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>▪ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>▪ संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>▪ गाउँपालिकाले योजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फवाट नगद लागत सहभागिता जुट्ने योजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>▪ सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक | |

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>▪ वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>▪ गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ १३ र प्रशासनिकतर्फ १६ समेत २९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ११ र १२ समेत २३ मात्र पदपूर्ती भएकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br>▪ सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>▪ निजामती सेवा ऐन, २०४९ को वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>▪ निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.३९६७२४१.०० खर्च लेखेको पाईयो ।<br>▪ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस गाउँपालिकाले हालसम्म २ ऐन, ३ नियमावली, ३ कार्यविधि समेत ८ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।<br>तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५. | **वचत रकम फिर्ताः** स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमको लागी संघिय सरकारवाट रु.१०७०००००.०० निकासा भएकोमा रु.४०८५३५८.६७ खर्च भै रु.६६१४६४१.३३ मौज्दात रहेकोमा आर्थिक वर्षको अन्त्यमा रु.६५०००००.०० प्रकोप व्यवस्थापन कोषमा ट्रान्सफर गरेको र बांकी रु.११४६४१.३३ स्थानीय संचित कोषमानै बांकी देखिएकोले उक्त रकम संघिय संचित कोष दाखिला गर्नुपर्ने रु. | ११४६४१.३३ |
| | **<u>योजना तर्जुमा, बजेट तथा कार्यक्रम</u>** | |
| ६. | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाका उपाध्यक्षले २०७६।३।७ मा रु.१८ करोड ४८ लाख २९ | |

<table>
<tr><th>दफा</th><th>भौ.नं.मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।६।१० मा मात्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरेतापनि समयमै अख्तियारी दिनेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.</td><td>चौमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य, लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसो चौमासिक</th></tr>
<tr><td>१</td><td>पूंजीगत</td><td>३६५४९</td><td>४२७५</td><td>०</td><td>३२२७४</td><td>३२२७४</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td></td><td>११.७०</td><td>०</td><td>८८.३०</td><td>८८.३०</td></tr>
</table></td><td></td></tr>
<tr><td>८.</td><td>कल्याण कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छैन ।</td><td></td></tr>
<tr><td>९.</td><td>न्यायीक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष न्यायिक समितिमा कुनै पनि उजूरी परेको जानकारी प्राप्त भएन ।</td><td></td></tr>
<tr><td>१०.</td><td>अनुदानको अनुगमनः सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर गाउँपालिकाले देहाय अनुसार रु.२८१३०००.०० अनुदान खर्च लेखेका छन । तर गाँउपालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं.,मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२,६,७-२०७७।३।३०</td><td>वैकल्पिक शिक्षा कार्यक्रम अनुदानः ३ गुम्बा (परम्परागत) विद्यालय</td><td>१११३०००.००</td></tr>
<tr><td>३-२०७६।१०।१६</td><td>घुम्ती विद्यालय अनुदानः ३ (वैकल्पिक) विद्यालय</td><td>१०५००००.००</td></tr>
<tr><td>७-२०७७।३।३०</td><td>विद्यालयमा कम्प्युटर कनेक्टिभिटी अनुदानः दिव्यदिप मा.वि.</td><td>६५००००.००</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जम्मा: २८१३०००.०० | |
| | **<u>कर दस्तुर एवं आन्तरिक आय</u>** | |
| ११. | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष आन्तरिक राजश्व रु.१०४०६२३.०० आम्दानी देखाएकोमा सो आम्दानीमा प्रयोग हुने नगदी रसिद नियन्त्रण खाता नराखेको, प्रयोग भएका सम्पूर्ण रसिद लेखापरीक्षणको क्रममा पेश नभएको, समयमा रकम दाखिला हुने नगरेको कारणले आन्तरिक आय यथार्थपरक छ भनी लेखापरीक्षणवाट एकिन सकिएन। | |
| १२. | **राजश्व दाखिलाः** गाउँपालिकावाट पेश भएको वडागत राजश्वको तेरिज अनुसार रु.९१२७०६.०० देखाइएकोमा वैंक दाखिला भौचरको जोड जम्मा गर्दा रु.८७९८२४.०० को मात्र वैंक जम्मा भएको देखिएकोले बांकी रु.३२८८२.०० को दाखिला भौचर पेश हुनुपर्ने रु. | ३२८८२.०० |
| १३. | **वजेट कार्यान्वयनः** गाउँपालिकाले आर्थिक वर्ष २०७६।७७ मा कार्यान्वयन गर्नका लागी गाउँसभाले पारित गरेका देहायको योजना कार्यान्वयन भएको देखिएन । गाउँसभावाट पारित रु.६५९२८५०१.०० का ४२ योजना कार्यान्वयन भएको छैन। पारित वजेट कार्यान्वयन गर्न नसक्नाको कारण गाउँपालिकाले खुलासा गरेको छैन । गाउँसभावाट पारित योजनाहरु कार्यान्वयन हुनुपर्दछ । | |
| १४. | **वजेट विनियोजनः** गाउँपालिकाले वजेट तर्जुमा तथा स्वीकृत गर्दा गाउँको समग्र विकास सम्बन्धी योजनालाइ प्राथमिकिकरण गरी दिगो विकास सम्बन्धी योजनामा वजेट तर्जुमा गरी खर्च गर्नुपर्दछ । तर यस गाउँपालिकाले आर्थिक वर्ष २०७६।७७ को गाउँसभावाट वजेट स्वीकृत गर्दा व्यक्तिगत जग्गा संरक्षण गर्नेखालका तारवार घेराउ, पर्खाल निर्माण लगायतका कार्यक्रम स्वीकृत गरी यो वर्ष सोही योजनामा खर्च गरेको पाइयो।व्यक्तिगत जग्गा संरक्षण गर्ने खालका कार्यक्रममा गाउँपालिकावाट वजेट खर्च गर्ने गरी वजेट विनियोजन गरेको उपयुक्त देखिएन । | |
| १५. | **वजेट विनियोजन वेगर खर्चः** गाउँपालिकाले गाउँसभाले पारित गरेका योजनाहरु कार्यान्वयन गर्नुपर्दछ । तर गाउँपालिकाले गाउँसभाले पारित गरेका योजनाको अतिरिक्त गाउँकार्यपालिकाले निर्णय गरी देहाय वमोजिमको योजना संचालन गरी भुक्तानी गरेको पाइयो । गाउँसभाले पारित गरेका योजना वाहेक अन्यत्र खर्च गर्न मिल्ने देखिंदैन। तर यो वर्ष वडा नं. ४ मा किम्लिङ्ग खेल मैदान निर्माण गर्न गाउँसभावाट वजेट विनियोजन नभएकोमा कार्यालयले रु.४५०००००.०० वजेट खर्च गरेको देखियो । वजेट विनियोजन नभएको योजनामा खर्च गर्न मिल्दैन । | |
| १६. | **लगानीः** गाउँपालिकाले वजेट विनियोजन गरी कार्यान्वयन गर्दा दर्ता भएका संघ/संस्था मा लगानी गर्नुपर्दछ । तर यस गाउँपालिकाले देहायका दर्ता नभएका संघ/संस्थामा लगानी गर्ने गरेको पाइयो ।कानून अनुसार दर्ता नभएको संघ/संस्थामा गाउँपालिकाले लगानी गर्न मिल्ने देखिंदैन । | |

| भौ.नं मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| १३-२०७७।३।१८ | आमा समूह भवन पर्खाल निर्माण वडा नं.२ | २८५०००.०० |
| २४-२०७७।३।१९ | न्यानोल आमा समूह फर्निचर खरिद वडा नं. | १९००००.०० |
| ३६-२०७७।३।२५ | खोला आमा समूह फर्निचर खरिद वडा नं.५ | १४००००.०० |
| ८२-२०७७।३।२० | गर्फु आमा समूह भवन गेट निर्माण | २८५०००.०० |

**<u>उपभोक्ता समिति मार्फत कार्य</u>**

<table>
<tr><th>दफा</th><th>भौ.नं.मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१७.</td><td>
हेभी इक्विपमेण्टको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतीसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छनः
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr>
<tr><td>८८-३।२५</td><td>किमलीङ्ग खेल मैदान नि.उ.स</td><td>खेद मैदान निर्माण</td><td>९५०००००</td><td>एक्साभेटर</td><td>४९५७३२३</td></tr>
<tr><td>२६-३।१९</td><td>५ नं. वडा कार्यालय भवन निर्माण उ.स</td><td>भवन निर्माण कार्य</td><td>९५००००</td><td>एक्साभेटर</td><td>६९२१४</td></tr>
<tr><td>२८-३।१९</td><td>धुराङ कुलो मर्मत उ.स</td><td>कुलो मर्मत</td><td>४५७६५</td><td>एक्साभेटर</td><td>४५७६५</td></tr>
<tr><td>३८-३।२५</td><td>धाक्लादेखि स्वागत गेट वाटो नि.उ.स</td><td>वाटो निर्माण</td><td>९५०००</td><td>एक्साभेटर</td><td>९४९२०</td></tr>
<tr><td>६२-३।३०</td><td>कारक मोटर वाटो निर्माण उ.स</td><td>मोटर वाटो</td><td>१९००००</td><td>एक्साभेटर</td><td>१८००००</td></tr>
<tr><td>७४-३।३०</td><td>नाम्म्याल सडक मर्मत उ.स</td><td>सडक मर्मत</td><td>१९४२७५०</td><td>एक्साभेटर</td><td>१०५७६८</td></tr>
<tr><td>७६-३।३०</td><td>ढाक्पादेखि निफु हुंदै झोङ्गसम्म सडक नि.उ.स</td><td>सडक मर्मत</td><td>४७५०००</td><td>एक्साभेटर</td><td>१६९५००</td></tr>
<tr><td>८०-३।३०</td><td>ढाक्पा कुलो मर्मत उ.स</td><td>कुलो मर्मत</td><td>१८०५०००</td><td>एक्साभेटर</td><td>३५००००</td></tr>
<tr><td>९६-३।२५</td><td>लोमान्थाङ्ग चैले खोला वाटो मर्मत उ.स</td><td>वाटो मर्मत</td><td>५०००००</td><td>एक्साभेटर</td><td>६४९९९</td></tr>
</table>
नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१८.</td><td>
जटिलसंरचना निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१-२०७६।७।१७</td><td>लोमान्थाङमा सोलार वत्ति जडान उ.स</td><td>सोलार वत्ति अण्डरग्राउण्ड</td><td>८९७८४११.००</td><td>गतवर्ष समेत</td></tr>
</table>
</td><td></td></tr>
</table>

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| १९. | **विल भरपाईः** वित्तिय उत्तरदायित्व तथा आर्थिक कार्यविधि नियमावली, २०७७ मा खर्चको विल भरपाइ समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले देहाय वमोजिमको भुक्तानी गर्दा खर्चको विल भरपाइ संलग्न नगरी भुक्तानी गरेकोले उक्त खर्चको विल भरपाइ पेश हुनुपर्ने रु. | २३३१५९४.०० |

| भौ.नं मिति | निर्माण कार्यको नाम | भुक्तानी रकम | विल भरपाइ पेश भएको रकम | नपुग रकम |
|---|---|---|---|---|
| १-२०७६।७।१७ | लोमान्थाङमा सोलार वत्ति जडान | २३७५०००.०० | १०२९९९५.०० | १३४५००५.०० |
| ३-२०७६।७।१७ | छ्योदो गुम्वा निर्माण | १९०००००.०० | ९१३४११.०० | ९८६५८९.०० |
| | जम्माः | | | २३३१५९४.०० |

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २०. | **अनुपातिक कट्टीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान अनुसार उपभोक्ता समिति वा लाभग्राही समूदायले व्यहोर्नु पर्ने रकम र कार्य सम्पन्न गर्नुपर्ने अवधी तोकी सम्झौता गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार उपभोक्ता समितिले व्यहोर्नु पर्ने रकम सम्झौताको तुलनामा घटी रकममा सम्पन्न भएमा कार्यालयले व्यहोर्नु पर्ने अंश समेत सोही अनुपातमा घटाउनु पर्नेमा कार्यालयले देहायका उपभोक्ता समितलाई भुक्तानी गर्दा सम्झौतामा उल्लेखित रकमनै भुक्तानी दिएकोले अनुपातिक कट्टी गरेको पाइएन। अनुपातिक कट्टी नगरी वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | ५४९७६३.०० |

| निर्माण कार्य | लागत अनुमान | मूल्यांकन | शुरु लागत अनुसार कार्यालयले व्यहोर्नुपर्ने रकम | मूल्यांकन अनुसार कार्यालयले व्यहोर्नु पर्ने रकम | भुक्तानी रकम | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ठिगरखेत पर्खाल निर्माण | ३३५२९२३ | २९९२०३६ | २८५०००० | २५४१६३० | २८५०००० | ३०८३७० |
| छोजुङ्ग गुम्वा वाटो तथा छराङ काठे पुल निर्माण | २१८५७५ | १२३५७० | १९०००० | १०७४०७ | १९०००० | ८२५९३ |
| लोमान्थाङ चैलेखोला वाटो मर्मत | ५५८८८७ | ३८९२५९ | ५००००० | ३४८२०० | ५००००० | १५८८०० |
| | | | | | | ५४९७६३ |

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २१. | **उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धिकर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर गाउँपालिकाले रु.१ करोड भन्दा वढी लागत अनुमान भएको बहुवर्षिय र एक वर्षिय योजनामा गाउँपालिकाले रु.१९४१०४५२.०० र जश्रमदानबाट १० प्रतिशत रकम व्यहोर्ने गरी उपभोक्ता समितिबाट गराएको पाइयो । जसमा यस वर्ष रु.११८७५०००.०० खर्च लेखेको छ । | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ८८-३।२५ | किम्लिङ्ग खेल मैदान नि.उ.स | खेल मैदान निर्माण | ११०३८७६४.०० | ९५०००००.०० |
| १-७।१७ | लोमान्थाङ सोलारवत्ति अण्डरग्राउण्ड उ.स | सोलावत्ती जडान | १०१३१९७९.०० | ८९७८४११.०० |
| | जम्मा | | | १८४७८४११.०० |

सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला योजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ ।

## आयुर्वेद तर्फ

२२. **वढी भुक्तानीः** वैद्य शिवलाल गैरेलाई मासिक रु.२६६१०.०० का दरले तलव भत्ता भुक्तानी हुनु पर्नेमा रु.२८२००.०० का दरले भुक्तानी भइ ४ महिनाको क.सं. कोष थप समेत रु.६९९६.००, दशैं खर्च रु.१५९०.०० र ३ महिनाको स्थानीय भत्ता रु.३७५०.०० समेत रु.१२३३६.०० वढी भुक्तानी भएको देखिएकोले वढी भुक्तानी भएको रकम असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु. — बेरुजू रकम: १२३३६.००

## कृषि पशु सशर्त

२३. **जिन्सी अभिलेखः** खर्च भएर जाने जिन्सी खाता परीक्षण गर्दा आर्थिक वर्ष २०७६।७७ मा खर्च भएर बांकी रहेका देखियो । उक्त बांकी रहेका औषधीहरु आर्थिक वर्ष २०७७।७८ को जिन्सी खातामा जिम्मेवारी सारेको नदेखिएकोले जिम्मेवारी सारेको प्रमाण पेश हुनुपर्ने रु. — बेरुजू रकम: २३९४८४.००

| औषधिको नाम | परिमाण | जि.खा.पा.नं. | दर | रकम |
|---|---|---|---|---|
| **Cycline bolus** | ५३ | २३ | ३५०.०० | १८५५०.०० |
| **Melox P bolus** | २६ | २४ | ७५०.०० | १९५००.०० |
| **Oxy 20% Inj** | २८ | ३१ | ९९३.०० | २७८०४.०० |
| **Actimec inj** | ४८ | ३७ | १९६०.०० | ९४०८०.०० |
| **wonmar bolus** | २५ | ३८ | ५५०.०० | १३७५०.०० |
| **mediprim** | २७ वक्स | ७ | ७००.०० | १८९००.०० |
| **newdoxy** | २८ वक्स | ८ | ६५०.०० | १८२००.०० |
| **mediprim bolus** | ४१ वक्स | २१ | ७००.०० | २८७००.०० |
| जम्माः | | | | २३९४८४.०० |

२४. **विल भरपाईः** शैक्षिक विकास अनुसन्धान तथा परामर्श वापत रु.५०००००.०० र वैकल्पिक विद्यालय अनुदान वापत रु.५०००००.०० का दरले निम्नानुसारका विद्यालयहरुलाई निकासा दिएको छ । उक्त निकासावाट विद्यालयले विज्ञान सामाग्री तथा फर्निचर खरीद गरी जिन्सी दाखिला गरेको प्रमाण पेश नभएको, कार्यालयले अनुगमन गरी प्रतिवेदन पेश गरेको देखिएन । साथै पाल एवं नाम्ग्याल गुम्वा विद्यालयलाइ डेस्क वेन्च खरिद र विद्यार्थी सुत्ने कोठा निर्माण गरिएको भनि फोटोकपि विल पेश गरेकोमा विलको जोड जम्मा रु.३०५१४८.०० मात्र रहेकोले नपुग रकमको सक्कल विल भरपाइ पेश हुनु पर्ने रु. — बेरुजू रकम: १९४८५२.००

| भौ.नं मिति | विद्यालयको नाम | अनुदानको किसिम | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| ३-२०७७।३।३१ | श्री दिव्य मा.वि छोसेर २ | विज्ञान प्रयोगशालाको सामाग्री, प्रविधी मैत्री सीकाइका सामाग्री आदी | ५०००००.०० | प्रगती प्रतिवेदन र खरिद सामानको जिन्सी दाखिला नदेखिएको । |
| ४-२०७७।३।३१ | पाल एवं नाम्ग्याल गुम्बा विद्यालय | डेस्क, वेन्च निर्माण र विद्यार्थी सुत्ने कोठा निर्माण आदी | ५०००००.०० | फोटोकपी स्रेस्ता पेश भएको, प्रतिवेदन नदिएको र विल भरपाइ भन्दा वढी खर्च |

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लेखेको रु.१९४८५२.०० को प्रमाण संलग्न नरहेको । | |

**<u>शिक्षा शसर्त</u>**

२५. **शिक्षकको तलब खर्चः** बिद्यालयस्तरमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।०७७ मा उल्लेख भए अनुसार कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन विवरण जिल्ला शिक्षा समन्वय इकाईबाट प्राप्त गरि सोही अनुसार विद्यालयबाट प्राप्त माग फारम रुजु गरी निकासा गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने, शिक्षकको तलबी प्रतिबेदन साविक अनुसार नै बिद्यालय शिक्षक किताबखानाबाट पारित गरी प्राप्त तलवी प्रतिबेदनका आधारमा मात्र तलब भत्ता निकाशा दिनुपर्ने उल्लेख छ ।

गाँउपालीकाले आधारभुत तथा माध्यमिक तहका बिद्यालयमा कार्यरत शिक्षकहरुको लागी रु.२१२४९५२१।- तलब भत्ता निकासा दिएको छ । सो अनुसार आधारभुत तथा माध्यमिक तहका शिक्षकको तलवी प्रतिवेदन पारित गरी खर्च लेखेतापनी शिक्षकहरुको सरुवा बढुवा तथा अवकाशको अभिलेख तथा राहत निजी स्रोत लगायतका विवरण स्पष्ट हुने गरी शिक्षकहरुको अभिलेख व्यबस्थित गरेको छैन। दरबन्दी अनुसारको विवरण, सरुवा बढुवा तथा अवकाशको अभिलेख स्पष्ट रुपमा संलग्न गरेर मात्र विद्यालयले पेश गरेको माग फाराम रुजू गरी तलव भत्ता निकासा दिनुपर्दछ।

२६. **शिक्षक दरवन्दी र पदपूर्तिः** गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस गाँउपालिका अन्तर्गत माध्यमिक तहको १ र आधारभूत तहका ९ गरी १० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | दिव्यदिप मा.वि. | १८ | १७ | ७ | ८५ | १:५ |
| २ | राष्ट्रिय आ.वि. | १० | १० | ३ | ५ | १:०.५ |
| ३ | समजुङ्ग आ.वि. | २ | २ | १ | ५ | १:२.५ |
| ४ | बालकल्याण आ.वि. | २ | २ | २ | ३ | १:१.५ |
| ५ | सरस्वती आ.वि. | २ | २ | ० | ५ | १:२.५ |
| ६ | दिव्यज्ञान आ.वि. | २ | २ | १ | ८ | १:४ |
| ७ | बुद्ध आ.वि. | २ | २ | ० | २ | १:१ |
| ८ | विरेन्द्र आ.वि. | २ | २ | ० | ३ | १:१.५ |
| ९ | भृकुटी आ.वि. | २ | १ | १ | ६ | १:६ |
| १० | जनप्रभात आ.वि. | २ | २ | ० | ५ | १:२.५ |
| | | ४४ | ४२ | १५ | १२७ | |

विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाइ जिल्ला शिक्षा अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको वुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा प्रति शिक्षक विद्यार्थी अनुपात १:०.५ देखि १:६ भएका १० विद्यालय रहेको प्राप्त विवरणवाट देखिन्छ ।ती १० विद्यालयमा १२७ विद्यार्थी अध्यापन गराउन ४२ शिक्षकको तलव भत्ता वापत रु.२१२४९५२१.०० खर्च लेखेको छ। सो अनुसार प्रति विद्यार्थी रु.१६७३१९.०० खर्च भएको छ । यसवाट प्रति विद्यार्थी लागत वढ्न गएको छ।भोगोलिक दुरी टाढा भएमा वालविकाश केन्द्र स्थापना गरी न्यून विद्यार्थी

<table>
<tr><th>दफा</th><th>भौ.नं.मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ</td><td></td></tr>
<tr><td>२७.</td><td>बढी निकासाः निशुल्क पाठ्यपुस्तक बापतको अनुदान निकासा दिदा IEMIS प्रतिवेदन अनुसारको विद्यार्थी संख्यालाई विद्यालयको यथार्थ संख्यासँग सत्यापन गराई संलग्न प्रमाणका आधारमा अनुदान रकम निकासा दिनुपर्ने उल्लेख छ । तर गाउँपालिकाले सो अनुसार नगरी गो.भौ.नं.७-०७७।३।३० बाट निशूल्क पाठ्यपुस्तक अनुदान बापतको रकम निकासा दिदा IEMIS प्रतिवेदनको तथ्याङ्कलाई आधार नमानी देहाय अनुसार बढी निकासा दिएको देखियो । तसर्थ IEMIS प्रतिवेदनको तथ्याङ्क अनुसार नभई बढी निकासा भएको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>IEMIS को तथ्याङ्क अनुसार निकासा हुनुपर्ने रकम</th><th>निकासा भएको रकम</th><th>फरक रकम</th></tr>
<tr><td>१</td><td>राष्ट्रिय आ.वि.</td><td>२५९०.००</td><td>५९५७.००</td><td>३३६७.००</td></tr>
<tr><td>२</td><td>सरस्वती आ.वि.</td><td>१८०७.००</td><td>४०५५.००</td><td>२२४८.००</td></tr>
<tr><td>३</td><td>दिव्यज्ञान आ.वि.</td><td>३४२१.००</td><td>५५४५.००</td><td>२१२४.००</td></tr>
<tr><td>४</td><td>बुद्ध आ.वि.</td><td>५१४.००</td><td>२७५८.००</td><td>२२४४.००</td></tr>
<tr><td>५</td><td>विरेन्द्र आ.वि.</td><td>१५५४.००</td><td>३३६१.००</td><td>१८०७.००</td></tr>
<tr><td>६</td><td>भृकुटी आ.वि.</td><td>२८४७.००</td><td>४१९२.००</td><td>१३४५.००</td></tr>
<tr><td>७</td><td>जनप्रभात आ.वि.</td><td>२५९०.००</td><td>३३५७.००</td><td>७६७.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१३९०२.००</td></tr>
</table></td><td>१३९०२.००</td></tr>
<tr><td>२८.</td><td>पाठ्यपुस्तक थप निकासाः कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निशुल्क पाठ्यपुस्तक बापतको रकमको निकासा दिदा शुरुमा ७५ प्रतिशत निकासा दिने र थप २५ प्रतिशत रकम नपुग पाठ्यपुस्तक एवं ऐच्छिक विषयको हकमा पाठ्यपुसुतक खरिद बिलको आधारमा निकासा दिनुपर्ने उल्लेख छ। गाँउपालिकाले ऐच्छिक विषयको पाठ्यपुस्तकको लागि भनी एकमूष्ट रु.१५०००.०० दिव्यदिप माध्यमिक विद्यालयलाई एकैपटक थप गरी निकासा दिनु उपयुक्त देखिएन। निकासाको पुष्टयाई एवं कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए अनुसार अनुदान निकासा दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>सामाजिक एवं आर्थिक लेखापरीक्षणः गाउँपालिका अन्तर्गतका १० विद्यालयलाई सामाजिक एवं अर्थिक लेखापरीक्षण अनुदान बापत गो.भौ.नं.३।२०७६।१०।१६ बाट तोकिए अनुसार रु.११००००।- अनुदान निकासा भएकोमा उक्त विद्यालयहरुले समाजिक एवं आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । तोकिए अनुसार लेखापरीक्षण गराइ लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>आवासीय छात्रवृत्तिः गाँउपालिकाले हिमाली क्षेत्रका आवासीय एवं गैर आवासीय सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति एवं आवास सञ्चालन अनुदान बापत दिव्यदिप माध्यमिक विद्यालयलाई प्रति विद्यार्थि रु.४००००.०० का दरले रु.२७२००००।- अनुदान निकासा दिएकोमा एक शैक्षिक सत्रमा दोहोरो नपर्ने आधार, विद्यालयले पेश गरेको छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामनामेसी सहितको विवरण, वितरणको निर्णय संलग्न नभएको एवं तोकिए अनुरुप उक्त अनुदान खर्च गरे नगरेको सम्बन्धमा अनुगमन गरेको देखिएन ।जसबाट उक्त आवासीय अनुदान वितरण एवं उपयोग तोकिए बमोजिम भए नभएको सम्बन्धमा यकिन नभएको रु.</td><td>२७२००००.००</td></tr>
<tr><td>३१.</td><td>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको पुष्टयाई हुने गरी खर्च लेखुपर्ने उल्लेख छ । गाँउपालिकाले शैक्षिक क्षति न्यूनिकरणका लागि सिकाई प्रवर्द्धन कार्यक्रम अन्तर्गत गो.भौ.नं.८-२०७७।३।३० बाट रु.१६०३०९।- को बिल विजक संलग्न गरी रु.१६१४९४।- खर्च लेखेको एवं रु.२००००।- सफ्टवेयर खरिद गरेको उल्लेख</td><td>२११८५.००</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं.मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>भएकोमा उक्त सफ्टवेयर जिन्सी आम्दानी बाँधेको देखिएन । अतः बिलभन्दा बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने एवं खरिद गरेको सफ्टवेयर जिन्सी आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.</td><td></td></tr>
<tr><td></td><td><u>स्वास्थ्य सशर्त तर्फः</u></td><td></td></tr>
<tr><td>३२.</td><td>औषधी खरिदः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ को उपनियम १(क) मा बिसलाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। यस गाउँपालिकाले उक्त प्रक्रिया वेगर स्वास्थ्य सशर्त तर्फवाट रु.६४९८६२।- र समानिकरण तर्फवाट रु.४१०६२६.०० समेत रु.१०६०४८८.०० को औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः</td><td></td></tr>
<tr><td>३२.१.</td><td>खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको,</td><td></td></tr>
<tr><td>३२.२.</td><td>आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति,ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको साथै निशुल्क वितरणका लागि खरीद भएका अधिकांश औषधीको कभरिङ्गमा नेपाल सरकारद्वारा निशुल्क वितरणका लागि भनी लोगोसहित उल्लेख गर्न लगाउने गरेको पाइएन,</td><td></td></tr>
<tr><td>३२.३.</td><td>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघी स्पेशीफिकेशन अनुसार भए/नभएको खुलाएको पाइएन।</td><td></td></tr>
<tr><td>३२.४.</td><td>औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।</td><td></td></tr>
<tr><td></td><td>तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३.</td><td>खर्च शिर्षक फरक पारी खर्चः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको एवं खर्च गर्न बाँकी रहेको यकिन गरी खर्च गर्न वा खर्च गर्ने निकासा दिनुपर्ने उल्लेख छ । गाँउपालिकाले निम्नानुसारका खर्च लेख्दा खर्च शिर्षक फरक पारी खर्च लेखेको देखियो ।खर्च शिर्षक फरक पारी खर्च लेखेको नियमित नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>विवरण</th><th>खर्च लेख्नुपर्ने शिर्षक</th><th>खर्च लेखेको शिर्षक</th><th>रकम</th></tr>
<tr><td>१-२०७६।६।१३</td><td>करार कर्मचारीको पारिश्रमिक</td><td>अन्य सेवा शुल्क</td><td>तलव</td><td>१८४३६०.००</td></tr>
<tr><td>७-२०७६।११।२५</td><td>करार कर्मचारीको पारिश्रमिक</td><td>अन्य सेवा शुल्क</td><td>तलव</td><td>१०६४४०.००</td></tr>
<tr><td>११-२०७७।१।२८</td><td>कोरोना प्रोत्साहन भत्ता</td><td>अन्य भत्ता</td><td>पोशाक</td><td>७२८०५.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३६३६०५.००</td></tr>
</table></td><td>३६३६०५.००</td></tr>
<tr><td>३४.</td><td>बढी खर्चः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्चको पुष्टयाई हुने गरी खर्च लेख्नुपर्ने उल्लेख छ ।गाँउपालिकाले गो.भौ.नं.१५-२०७७।३।३०</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं.मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>बाट आषाढ महिनाको तलब भत्ताबापत रु.३३०९५१।- खर्च लेख्नुपर्नेमा रु.३३९५१७।- खर्च लेखेको देखियो ।तोकिए भन्दा बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने देखिएको रु.</td><td>८५६६.००</td></tr>
<tr><td>३५.</td><td>

<u>**सामाजिक सुरक्षातर्फ**</u>

**सामाजिक सुरक्षातर्फ बढी निकासा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर गाउँपालिकाले लाभग्राहीको लगत अद्यावधिक गरेको छैन । देहायका लाभग्राहीहरु कार्यालयको अभिलेखमा मृत्यु उल्लेख भएकोमा समेत निजको नाममा वैंकमा भत्ता रकम पठाएको देखिएकोले निजहरुको मृत्यु भएको मिति एकिन गरी सो पश्चात निकासा भएको रकम फिर्ता लिई राजश्व दाखिला गर्नुपर्ने रु.

<table>
<tr><th>वडा नं</th><th>नाम</th><th>ना.न.नं.</th><th>भत्ता निकासा रकम</th><th>कैफियत</th></tr>
<tr><td>२</td><td>पेमा छिरिङ्ग गुरुङ्ग</td><td>नखुलेको</td><td>३६०००.००</td><td>कार्यालयको अभिलेखमा मृत्यु उल्लेख भएको मिति नखुलेको</td></tr>
<tr><td>२</td><td>लाक्पा ढोमा गुरुङ्ग</td><td>६३९१२३३१</td><td>३६०००.००</td><td>कार्यालयको अभिलेखमा निजको नाम काटिएको र फोटो समेत नटांसिएको</td></tr>
<tr><td>३</td><td>टै आम्जुङ्ग गुरुङ्ग</td><td>९३३/०५६५</td><td>३६०००.००</td><td>कार्यालयको अभिलेखमा मृत्यु उल्लेख भएको मिति नखुलेको</td></tr>
<tr><td>३</td><td>टासी गुरुङ्ग</td><td>६३९१०३९३</td><td>३६०००.००</td><td>कार्यालयको अभिलेखमा मृत्यु उल्लेख भएको मिति नखुलेको</td></tr>
<tr><td>३</td><td>उर्किन साङमो</td><td>९२५/६३९१०५६१</td><td>३६०००.००</td><td>कार्यालयको अभिलेखमा निजको नाम काटिएको</td></tr>
<tr><td>३</td><td>ढयोका गुरुङ्ग</td><td>९०८/०५५३</td><td>३६०००.००</td><td>कार्यालयको अभिलेखमा २०७४।७५ मा मृत्यु उल्लेख भएको</td></tr>
<tr><td>४</td><td>धर्के गुरुङ्ग</td><td>६३९१०७१९</td><td>३६०००.००</td><td>कार्यालयको अभिलेखमा मृत्यु उल्लेख भएको मिति नखुलेको</td></tr>
<tr><td>४</td><td>निमा छोजुम गुरुङ्ग</td><td>११०८/०६७४</td><td>३६०००.००</td><td>कार्यालयको अभिलेखमा २०७३।७४ देखि नविकरण नभएको</td></tr>
<tr><td>४</td><td>पेमा छिरङ्ग गुरुङ्ग</td><td>२२२६/१४९</td><td>१६०००.००</td><td>कार्यालयको अभिलेखमा मृत्यु उल्लेख भएको मिति नखुलेको</td></tr>
<tr><td>५</td><td>टसी आङमो गुरुङ्ग</td><td>६४३/१४७२</td><td>९०००.००</td><td>कार्यालयको अभिलेखमा २०७६ चैत्रमा मृत्यु भएकोमा तेस्रो चौमासिक पुरै निकासा भएको</td></tr>
<tr><td>३</td><td>सोनम छेन्जोम विष्ट</td><td>६३९१२०८१</td><td>२४०००.००</td><td>कार्यालयको अभिलेखमा २०७४।७५ मा मृत्यु उल्लेख भएको</td></tr>
<tr><td></td><td>जम्माः</td><td></td><td>३३७०००.००</td><td></td></tr>
</table>
</td><td>३३७०००.००</td></tr>
<tr><td>३५.१.</td><td>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १५ मा स्थानियतहले लाभग्राहीको भत्ता प्रत्येक चौमासिकको अन्त्यसम्ममा भुक्तानी गरी सक्नुपर्ने व्यवस्था छ। तर यस गाउँपालिकाले प्रथम र दोश्रो चौमासिक वापतको रकम मिति २०७७।२।६ र तेस्रो चौमासिकको वापतको २०७७।३।३१ मा वैंकमा पठाएको छ । गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा भएको व्यवस्थाको पालना नगरी एकै पटक तेस्रो चौमासिकको अन्त्यमा मात्र वैंक पठाएको देखिएकोले कार्यविधिमा भएको व्यवस्थाको पालना गरी समयमै चौमासिकगत भत्ता वापतको रकम निकासा गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं.मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>३५.२.</td><td>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४(४) मा गाउँपालिकाले को.ले.नि.का मा भत्ता वापतको रकम निकासा माग गर्दा अनिवार्य रुपमा अघिल्लो चौमासिकको हिसाव मिलानको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निकास माग गर्दा हिसाव मिलानको विवरण पेश गर्ने गरेको पाइएन । अतः कार्यविधिमा भएको व्यवस्था वमोजिम अघिल्लो चौमासिकको हिसाव मिलान विवरण पेश गरी निकासा माग गर्ने तर्फ गाउँपालिकाको ध्यान जानु पर्दछ</td><td></td></tr>
<tr><td></td><td><u>चालु खर्च तर्फ</u></td><td></td></tr>
<tr><td>३६.</td><td>पदाधिकारी सुविधा वढि भुक्तानीः गाउँसभा,नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन २०७६ को अनुसुचि “क"मा गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा अनुसार गाउँपालिकाले भौ.नं.१६२-२०७७।३।३० वाट २०७६ कार्तिक देखि २०७७ आषाढसम्मको सुविधा भुक्तानी गर्दा गाउँकार्यपालिका सदस्य याङजिङ ल्हामो गुरुङलाई सामाजिक सुरक्षाकर वाहेक रु १,२७,७१०।- भुक्तानी गर्नु पर्नेमा २,३८,५२२।- भुक्तानी गरेकोले वढी भुक्तानी भएको रु.११०८१२।- असुल गर्नु पर्ने रु.</td><td>११०८१२.००</td></tr>
<tr><td>३७.</td><td>गाउँपालिकाले कर्मचारीहरुको तलव भुक्तानी गर्दा कट्टी गरिएको संचय कोष, नागरिक लगानी कोष तथा सावधिक जीवन वीमा कोष वापतको रकम समयमा नै दाखिला गर्नु पर्नेमा मंसिरदेखि फागुनसम्मको कट्टी गरिएको निम्नानुसारको रकम रु.२८७९९२।- को वैंक दाखिला गरेको भौचर पेश हुनुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>रकम रु.</th></tr>
<tr><td>कर्मचारी संचयकोष कट्टी बापतको रकम</td><td>१४६३१७.००</td></tr>
<tr><td>नागरीक लगानी कोष कट्टी बापतको रकम</td><td>९२८७५.००</td></tr>
<tr><td>सावधिक जीवन वीमा कोष कट्टी बापतको रकम</td><td>४८८००.००</td></tr>
<tr><td>जम्माः</td><td>२८७९९२.००</td></tr>
</table></td><td>२८७९९२.००</td></tr>
<tr><td>३८.</td><td>बढी खर्चः गाँउपालिकाले गो.भौ.नं.१-२०७६।६।१३ बाट श्रावणदेखि आश्विन एवं चाडपर्व बापतको तलब भत्ता भुक्तानी गर्दा संलग्न तलवी विवरण अनुसार रु.६५४४१६।-भुक्तानी गर्नुपर्नेमा रु.६९२९२६।-खर्च लेखेको देखियो । संलग्न तलवी विवरण भन्दा बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने रु.</td><td>३८५१०.००</td></tr>
<tr><td>३९.</td><td>गाउँपालिकाले गोश्वारा भौ.नं उल्लेख नगरी भौ.नं. १७६ भन्दा पछिको भौचरवाट लेखेको खर्च रु.१७,७६४।- के वापतको खर्च लेखेको नखुलेकोले सो खर्चलाई पुष्ट्याई हुने प्रमाण पेश गर्नु पर्ने रु.</td><td>१७७६४.००</td></tr>
<tr><td>४०.</td><td>कर दाखिलाः आयकर ऐन, २०५८ को दफा ९० अनुसार भुक्तानीमा कट्टा गरेको आग्रिमकर रकम प्रत्येक महिना समाप्त भएको पच्चिस दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले समानीकरण चालु तर्फ यसवर्ष २,८१,११८।७५ कट्टा गरेको अग्रिमकर मध्ये रु.१,७६,१३२।७२ मात्र दाखिला गरेकोले वाँकी रकम रु.१,०४,९८६।०३ रकम ऐन वमोजिम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.</td><td>१०४९८६.०३</td></tr>
<tr><td></td><td><u>विपद् व्यवस्थापन</u></td><td></td></tr>
<tr><td>४१.</td><td>समिति गठनः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ऐनमा तोकिए बमोजिमको</td><td></td></tr>
</table>

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समिति गठन गरेको पाइएन । ऐनमा तोकिए बमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनु पर्दछ । | |
| ४२. | **कार्य योजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउनेे सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गरी विपद् व्यवस्थापन कार्य सन्चालन गर्नुपर्दछ । | |
| ४३. | **विपद् व्यवस्थापन कोषः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले गत वर्षको मौज्दात नरहेकोमा यो वर्ष रु.७६६६८४७.९७ आम्दानी भई रु.७९१५०० खर्च गरी बाँकी रु.६८७५३४७.९७ देखिन्छ । गाउँपालिकाले खर्च मध्ये स्थानीय वासिन्दालाइ काठमाडौं तथा पोखरावाट लोमान्थाङ्गसम्म ल्याउंदाको गाडी भाडा रु.७४७५००.०० र अन्य खर्च रु.४४०००.०० समेत गरी रु.७९१५००.०० खर्च गरेको छ । साथै गण्डकी प्रदेश सरकारवाट प्राप्त रु.५०००००.०० मध्ये रु.४१२५३५.०० को खाद्यान्न खरिद गरी वितरण गरेको देखिन्छ । | |
| ४४. | **वस्तुगत सहायताः** गाउँपालिकाले कोभिड-रोग नियन्त्रण तथा प्रभावित जनतालाइ राहत वितरणको लागी चीन सरकारवाट देहाय वमोजिमको वस्तुगत सहायता प्राप्त गरेको विवरणवाट देखिन्छ । प्राप्त वस्तुगत सहायताको मूल्यांकन गरी सो समेत समावेश गरी वित्तिय विवरण तयार गर्नु पर्नेमा सो अनुसारको वित्तिय विवरण तयार गरेको छैन। साथै प्राप्त राहत सामाग्री गाउँपालिकाले जिन्सी आम्दानी गरी वितरण गरेको अभिलेख व्यवस्थित गरेको पाइएन । राहत सामाग्रीको आम्दानी तथा वितरण अभिलेख व्यवस्थित नहुंदा प्राप्त सामाग्रीको सहि सदुपयोग भए, नभएको सम्बन्धमा एकिन गर्न सकिएन ।<br><br>सि.नं. / सामानको नाम / परिमाण / कैफियत:<br>१ / चामल / ४५० वोरा / २५ के.जीको बोरा<br>२ / पीठो / ४५० वोरा / २५ के.जीको बोरा<br>३ / उवा / ४५० वोरा / २५ के.जीको बोरा<br>४ / तेल / ४५० ग्यालिन /<br>५ / सिरक / २४० थान /<br>६ / स्वास्थ्य सामाग्री / १० कार्टुन / | |
| ४५. | **वार्षिक प्रतिवेदनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी | |

| दफा | भौ.नं.मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ४६. | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः | |
| ४६.१. | गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ । | |

## सञ्चित कोष विवरण
## २०७६/७७

**अनुसूची-१**

प्रदेशः गण्डकी (रु.हजारमा)

| क्र स | स्थानीय तह | जिल्ला | | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाट | आन्तरीक आय | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १. | लोमन्थाङ गाउँपालिका | मुस्ताङ्ग | २६३४५ | १७२५५५ | २५००० | ९१३ | ७६९१ | २०६१५९ | ७०७२८ | ३६५४९ | ७२९२ | ११४५६९ | ११७९३५ |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७६/७७

**अनुसूची-२**

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | मुस्ताङ्ग | लोमन्थाङ गाउँपालिका | ३५ | १८ | ७५०० | ० | ० | ० | ३५ | १८ | ७५०० | ७३४ | ३६४ | ६४०२ | ०० | ०० | ६७६६ | ०० | ०० | ०० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७६/७७

**अनुसूची-३**

(रु.हजारमा

| क्र.स. | स्थानीय तह | जिल्ला | गत वर्षसम्मको बाँकी | यो वर्ष फछ्र्यौट | बाँकी | यो वर्ष सम्परीक्षणबाट कायम | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | लोमन्थाङ गाउँपालिका | मुस्ताङ्ग | ४७८९ | ०० | ४७८९ | ०० | ७५०० | १२२८९ |